मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सिराहा

## प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित: मिति २०८०/०७/२३ बिहीवार)

यस विज्ञ केन्द्रको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेशमा गुणस्तरीय खाने माछा उत्पादन वृद्धिको लागि तपसिल बमोजिमका कार्यक्रम लागत साझेदारीमा संचालन गर्न ईच्छुक नेपाली नागरिक, कृषक समूह, सहकारी, नीजि फर्म, संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०८०/०८/०७ बिहीवार) सम्म यस विज्ञ केन्द्रमा कार्यालय समय भित्र देहाय बमोजिमका कागजातहरु संलग्न राखी सिलवन्दी आवेदन/प्रस्ताव दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल:

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | जम्मा परिमाण | अनुदानग्राहीको लागत प्रतिशत | कार्यक्रम संयोजक, मोबाईल र सम्पर्क फोन नं. |
|---|---|---|---|---|---|
| १. | मत्स्य पोखरी निर्माण कार्यक्रम। (सर्वसाधारणको लागि ९०%) | कट्ठा | २७० | ५०% | श्री गोविन्द मिश्र (अधिकृत औठौं/पशु चिकित्सक) मोबाईल: ९८५२८३४८०३ ☎ ०३३-५-२०००८ |
| २. | मत्स्य पोखरी निर्माण कार्यक्रम। (आरक्षित कोटा १०%) | | ३० | | |

देहाय:

१. रु. १० को टिकट टाँस गरिएको फा.नं.२ अनुसारको आवेदन फाराम,
२. फा.नं.३ र फा.नं.३क अनुसारको कार्ययोजना,
३. व्यक्तिको हकमा निजको र दर्ता भएका समूह, सहकारी, नीजि फर्म, संस्थाको प्रस्तावमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. दर्ता भएका सहकारी, नीजि फर्म, संस्थाको हकमा स्थायी लेखा नम्वर (PAN) प्रमाणपत्रको प्रतिलिपि,
५. प्रस्तावित मत्स्य पालन कार्यमा संलग्न हुने सगोलको परिवारका सदस्य तथा दर्ता भएका समूह सहकारी, फर्म, संस्थाका सो कार्यमा संलग्न हुने सदस्यहरुले प्राप्त गरेका तालिम र शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपिहरु,
६. समुह/समिति/सहकारी/नीजि फर्म/संस्थाको सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि,
७. समुह/समिति/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता सम्बन्धी आधिकारिक बैठकको निर्णय प्रतिलिपि,
८. लक्षित वर्ग (शहिद/वेपत्ता/द्वन्द्व पिडित परिवार, दलित/अन्य लिङ्गी/भिन्न प्रकारले सक्षम/महिला, आदिवासी/जनजाति/विपन्न गरिव) भए प्रमाण खुल्ने कागजात,
९. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि। अरुको नाममा दर्ता रहेको जग्गामा कार्यक्रम संचालन गरिने भए कानून बमोजिम प्रमाणित हुने सो कार्य संचालनको लागि कम्तिमा ५ वर्षको लागि मञ्जूरीनामा वा करारपत्र (नोटरी पव्लिकवाट प्रमाणित), जग्गाको भोगाधिकार प्रमाण, आदि,
१०. सो कार्यक्रम संचालनको लागि अनुदान उपलब्ध गराई दिनको लागि कार्यक्रम संचालन गरिने स्थान रहेको स्थानीय तहको सम्बन्धित विषयगत शाखाको सिफारिस पत्र,
११. फा.नं.३ बमोजिम आवेदकको स्वघोषणा र प्रतिबद्धता।
१२. अन्य आवश्यक कागजातहरु:

पुनश्च: सूचना तथा निवेदन/प्रस्तावको ढाँचा कार्यालयबाट प्राप्त गर्नु हुन वा कार्यालयको वेबसाईट vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गर्नु हुन अनुरोध छ।